# राहदानी ऐन, २०२४

*(मिति २०७४ साल कार्तिक मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# राहदानी ऐन, २०२४

<u>लालमोहर र प्रकाशन मिति</u>
२०२४।६।११

<u>संशोधन गर्ने ऐन</u> — <u>प्रमाणीकरण र प्रकाशन मिति</u>

| | | |
|---|---|---|
| १. | ◆गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |
| २. | केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ | २०७२।६।१४ |

२०२४ सालको ऐन नं. २१

⏭.................

## राहदानी सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : विदेश यात्रामा जाने नेपाली नागरिकलाई जारी गरिने राहदानीको सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई जारी गरिबक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "राहदानी ऐन, २०२४" रहेको छ ।

(२) यो ऐन नेपाल ⏭............ भर लागू हुनेछ र जहाँसुकै रहे बसेको भए तापनि नेपाली नागरिकहरुलाई लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : यस ऐनमा "राहदानी" भन्नाले विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई त्यस्तो भ्रमण गर्न अनुमति प्रदान गरी त्यस्तो भ्रमणमा जाने देशहरु तथा समय तोकी नेपाल सरकारबाट दिइने लिखत सम्झनु पर्छ ।

३. राहदानी लिनु पर्ने : विदेश यात्रामा जाँदा नेपाली नागरिकले आफ्नो नाममा जारी भई बहाल रहेको राहदानी लिएर मात्र जान सक्नेछ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

तर नेपाल सरकार र कुनै विदेशी सरकारको बीच भएको सन्धि सम्झौतानुसार कुनै देशमा जान नेपाली नागरिकलाई राहदानी लिन नपर्ने व्यवस्था भएमा त्यस्तो देशको भ्रमण निमित्त राहदानी लिनु पर्ने छैन ।

४. राहदानी जारी गर्ने अधिकार : नेपाल सरकारले वा नेपाल सरकारको तर्फबाट अधिकार प्राप्त भएका विदेशस्थित ⏭.............. नेपाली राजदूतावास वा अन्य नियोगले मात्र राहदानी जारी गर्न सक्नेछ ।

तर,-

(१) राहदानी जारी गर्ने अधिकारीले कुनै कारण देखाई ✱............. कुनै व्यक्तिलाई राहदानी दिन अस्वीकार गर्न सक्नेछ,

(२) नेपाल सरकारले कुनै कारण देखाई ✱........... कुनै समय पनि जारी भइसकेको राहदानीलाई खिच्न वा रद्द गर्न सक्नेछ, र

(३) राहदानी बमोजिम विदेश भ्रमण गरिरहेका व्यक्ति जहाँसुकै रहे बसेका भए तापनि तत्सम्बन्धमा नेपाल सरकारले दिएको आदेश वा निर्देश पालन गर्नु निजको कर्तव्य हुनेछ ।

५. दण्ड सजाय : कसैले झुट्टा बयान वा विवरण दिई राहदानी प्राप्त गरेमा वा प्राप्त गर्न प्रयत्न गरेमा वा दफा ३ को विपरीत विदेशको भ्रमण गरेमा वा गर्ने प्रयत्न गरेमा वा नेपाल सरकारले दिएको आदेश वा निर्देशनको पालन नगरेमा वा जुन उद्देश्यको लागि राहदानी जारी गरिएको हो सो बाहेक अन्य उद्देश्यको लागि राहदानीको प्रयोग गरेमा वा आफ्नो नाउँको राहदानी अरुलाई प्रयोग गर्न दिएमा वा अर्काको राहदानी प्रयोग गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बर्खिलाप अन्य कुनै काम कारबाही गरेमा निजलाई एक वर्षसम्म कैद वा पाँच सय रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ ।

६. नेपाल सरकार वादी हुने : (१) दफा ५ अन्तर्गत दण्ड सजाय हुने कसूरको अभियोगमा चलाइने मुद्दा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा अदालतमा घटीमा इन्स्पेक्टर दर्जाको प्रहरीबाट दायर हुनेछ ।

(२) कसैले दफा ५ अन्तर्गत सजाय हुने अपराध गरेकोछ वा गर्ने उद्योग गरेकोछ भन्ने शंका गर्नु पर्ने मनासिब माफिकको कारण भएमा जुनसुकै

✱ केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

प्रहरीले त्यस्ता व्यक्तिलाई बिना वारेण्ट गिरफ्तार गरी कारबाहीका लागि आफ्नो अधिकारीमा घटीमा इन्स्पेक्टर दर्जाको प्रहरी समक्ष पेश गर्नेछ ।

७. नियम बनाउने अधिकार : (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकुल प्रभाव नपर्ने गरी ती नियमहरुमा खास गरेर देहायका विषयमा व्यवस्था गर्न सकिनेछ :-

(क) विभिन्न कामको लागि जारी गरिने राहदानीको वर्गीकरण तथा राहदानी सम्बन्धी शर्तहरु,

(ख) राहदानी वापत लाग्ने दस्तुर,

(ग) राहदानीको नवीकरण र तत्सम्बन्धी दस्तुर,

(घ) अन्य आवश्यक कुराहरु ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

दृष्टव्यः- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।